# द्रुत डाँक सेवा (EMS) शाखाका कार्यहरुः

यस द्रुत डाँक सेवा शाखामा बैदेशिक तथा आन्तरिक हुलाक बस्तुहरु दर्ता तथा वितरणको कार्य गरिन्छ । जसअन्तर्गत कोठा नं ६ बाट हुलाक वस्तु तथा चिठीपत्रहरु दर्ता गरी विश्वका विभिन्न २७ वटा देशमा पठाउने कार्य गरिन्छ। विश्वका अधिकांश देशहरु (अस्टेलिया, जर्मनी र क्यानाडा बाहेक) बाट प्राप्त हुने हुलाक वस्तु तथा चिठीपत्रहरु कोठा नं ७ बाट वितरण गर्ने कार्य गरिन्छ । त्यसैगरी आन्तरिक EMS (कोठा नं ६ पहिलो तल्ला) मा प्राप्त हुने EMS का चिठीपत्रहरुलाई ४५ वटा जिल्लाहरुमा पठाउने र ७७ वटै जिल्लाहरुबाट प्राप्त भएका EMS का चिठीपत्रहरु वितरण गर्ने कार्य गरिन्छ ।

**देहाएबमोजिमका अन्य कार्यहरुः**

- आन्तरिक तथा वैदेशिक EMS mail exchange शाखाको रुपमा कामहरु गर्ने ।
- ई.एम.एस. शाखामा प्राप्त हुने डाँकहरु खोल्ने र फर्छ्यौट गर्ने ।
- यस शाखामा प्राप्त हुने हुलाक वस्तुहरु जिम्मा लिई संरक्षण, भण्डारण, सुरक्षा गर्ने तथा गन्तव्य स्थानमा पुऱ्याउने र वितरण गर्ने ।
- यस शाखाबाट विश्वका विभिन्न देशहरुमा हुलाक वस्तुहरु पठाउदा नियमानुसार लाग्ने हुलाक शुल्क लिई राजस्व खातामा जम्मा गर्ने, गराउने ।
- हुलाक वस्तुहरुको आयात, निर्यात र राजस्व सम्बन्धी अभिलेख दुरुस्त राख्ने र सम्बन्धित निकायमा नियमित पठाउने ।
- विभिन्न जिल्लामा निकासा गरिने ई.एम.एस. सम्बन्धी हुलाक वस्तुको भन्सार चेक जाँकका लागि भन्सारका कर्मचारीहरुसँग समन्वय गरी चेकजाँच पश्चात सम्बन्धित जिल्लामा पठाउने ।
- सेवाग्राहीहरुलाई सेवा प्राप्त गर्ने क्रममा कुनै समस्या आईपरेमा तुरुन्त सम्बोधन गर्ने ।
- द्रुत डाँक सेवा सम्बन्धी अन्य कार्यहरु गर्ने ।